# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### लहान, सिरहा
### प्रदेश नं. २, नेपाल।

## *व्यवसाय करमा जरिवानाबाट छुट तथा घर बहाल कर बुझाउने बारे अत्यन्त जरुरी सूचना*

लहान नगरपालिकाको दोश्रो नगरसभाबाट आ.व.२०७५/०७६ को लागि निर्धारित गरिएका कर, शुल्क, दस्तुर सहितको आर्थिक ऐन, २०७५ पारित भईसकेको हुँदा सोही ऐनमा भएको शुल्क/कर संकलन तथा निर्धारण सम्बन्धी विशेष व्यवस्था बमोजिम यो सुचना प्रकाशित गरिएको छ। अतः साविक देखि व्यवसाय संचालन गरी दर्ता हुन नआएका व्यवसायीहरुले २०७५ श्रावण महिना भरीमा आफ्नो व्यवसाय दर्ता गर्न आएमा जरिवाना वापत् लाग्ने रकम शत् प्रतिशत् छुट दिने तथा २०७५ साल भाद्र महिनाको अन्तिमसम्म दर्ता गर्न आएमा लाग्ने जरिवानामा ५०% छुट गर्ने व्यवस्था भएको हुँदा सोही अनुरुप आफ्नो व्यवसाय दर्ता गराई कर छुटको सुविधा सहितको सुनौलो मौका उपयोग गर्नु गराउनु हुन सम्बन्धित व्यक्ति, व्यवसायी, संस्था तथा सरोकारवाला सबैमा सूचित गरिन्छ।

पुनश्चः नेपालको संविधानले स्थानीय तहलाई दिएको कर अधिकार क्षेत्र अन्तर्गत घर बहाल कर संकलन गर्ने कार्य नगरपालिकाले गर्ने हुँदा आ-आफ्नो बहाल रहेको घर/जग्गा/पसल/वित्तीय संस्था/संघ संस्था/प्रतिष्ठान समेतको घर बहाल कर १०% तिर्नु बुझाउनुहुन समेत सूचित गरिन्छ।

लहान नगरकार्यपालिकाको कार्यालय।

शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा
प्रस्तुत सूचना website मा राख्नुहुन।

Scanned by CamScanner